कोहलपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ | संख्याः १२ | मितिः २०८०/०५/०७

भाग - ०२

कोहलपुर नगरपालिका

## कोहलपुर नगरपालिकाको सार्बजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०८०

कोहलपुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी कोहलपुर नगरपालिका नगर कार्यपालिकाले "कोहलपुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६" लाई संशोधन गरी जारी गरीएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम “कोहलपुर नगरपालिकाको सार्बजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०८०” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **कोहलपुर नगरपालिकाको सार्बजनिक खरिद नियमावली, २०७६ को नियम १३३ को उपनियम (२) पछि (२क) उपनियम थप गर्ने:**

(२क) उपनियम २ मा जुनसुकै कुरा लेखिएको भएतापनि निर्माण कार्यको कम्तिमा ८० प्रतिशत काम सम्पन्न गरेको, सम्झौता बमोजिमको कार्य सन्तोषजनक रुपमा भई चालु अवस्थामा रहेको र निर्धारित समयमा काम सम्पन्न हुने सुनिश्चित भएको खरिद सम्झौताको हकमा नियम १३२ बमोजिम राखिएको रिटेन्सन मनी वापत बैंक जमानत पेश गरी रिटेन्सन मनी फिर्ताको माग गरेमा त्यस्तो रिटेन्सन मनी फिर्ता दिन सकिनेछ। यस रिटेन्सन मनी फिर्ताको लागि पेश गरिने बैंक जमानतको म्याद त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना बढी अवधिको हुनुपर्नेछ।

३. **नियम १६२ मा देहाय बमोजिम उपनियम (१) थप गर्ने:**

(१) यो नियमावली लागु भए पश्चात सङ्घीय सरकारको निर्णयानुसार सार्बजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ को संशोधनको निर्णय भई लागु भएमा नगरपालिकामा सो प्राबधान यसै नियमावली बमोजिम भएको मानी लागु गर्न बाधा पर्ने छैन।

**प्रमाणीकरण मितिः**
**मितिः २०८०/०५/०५**

**आज्ञाले**
**टिकाराम ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**